आज मिति २०८३।०२।२९ गते शुक्रबारका दिन यस खोटेहाङ गाउँपालिकाको १७४ औं कार्यपालिकाको बैठक अध्यक्ष श्री उदिम बहादुर राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा बसि निम्न निर्णयहरु गरियो।

| हस्ताक्षर | पद | नाम थर | कैफियत |
|---|---|---|---|
| | गाउँकार्यपालिका अध्यक्ष | श्री उदिम बहादुर राई | |
| | गाउँकार्यपालिका उपाध्यक्ष | श्री रुपेश राई | |
| | वडा अध्यक्ष १ नं वडा | श्री धन ब. महाराजी | |
| | वडा अध्यक्ष २ नं वडा | श्री पारस राई | |
| | वडा अध्यक्ष ३ नं वडा | श्री जेफर राई | |
| | वडा अध्यक्ष ४ नं वडा | श्री तिलक बहादुर बस्नेत | |
| | वडा अध्यक्ष ५ नं वडा | श्री किरण राई | |
| | वडा अध्यक्ष ६ नं वडा | श्री बसन्त राई | |
| | वडा अध्यक्ष ७ नं वडा | श्री शिव प्रसाद फयल | |
| | वडा अध्यक्ष ८ नं वडा | श्री चन्द्र बहादुर थापा | |
| | वडा अध्यक्ष ९ नं वडा | श्री ईन्द्र बहादुर राई | |
| | कार्यपालिका सदस्य | श्री अन्जु राई | |
| | कार्यपालिका सदस्य | श्री कमला विश्वकर्मा | |
| | कार्यपालिका सदस्य | श्री मिनाकला राई | |
| | कार्यपालिका सदस्य | श्री सुशिला राई | |
| | कार्यपालिका सदस्य | श्री फुर्वा शेर्पा | |
| | कार्यपालिका सदस्य | श्री मान बहादुर वि.क. | |
| | सदस्य सचिव | श्री महेश राई | |

## मिति २०८३ जेठ २९ गते कार्यपालिकाको १७४ औं बैठकको प्रस्ताव

१. आ.व. २०८३।८४ को वडागत बजेट सिलिङ विनियोजन सम्बन्धमा
२. ठेक्काको म्याद थप सम्बन्धमा
३. खोटेहाङ गाउँपालिकाको १० वर्षे विद्यालय शिक्षा क्षेत्रको योजना २०८१-२०९० छलफल र स्वीकृत सम्बन्धमा
४. कक्षा ६-८ को स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण छलफल र स्वीकृत
५. सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम सम्बन्धमा
६. राजश्व संकलन र दाखिला सम्बन्धमा
७. गाउँ सभा सम्बन्धमा
८. बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रतिवद्धता र गाउँपालिकास्तरीय समिति गठन सम्बन्धमा
९. पोष्टमार्टम भत्ता सम्बन्धमा
१०. विविध

### निर्णयहरु

**निर्णय नं.१:** प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा आगामी आ.व. २०८३/८४ मा संघीय सरकार र प्रादेशिक सरकारबाट हस्तान्तरित वित्तीय समानीकरण अनुदानलाई आधार बनाइ खोटेहाङ गाउँपालिकामा अवस्थित ९ वटै वडाहरुमा देहायको वडागत सिलिङ निर्धाण गरी बढीमा २० वटा आयोजना/परियोजना/कार्यक्रम बनाइ खोटेहाङ गाउँपालिकामा पेश गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**तपसिल**

| सि.नं. | वडा | कूल विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | १ नं. वडा, लिकुवापोखरी | ३०,००,०००।- | |
| २ | २ नं. वडा, वाप्लुखा | ३०,००,०००।- | |
| ३ | ३ नं. वडा, सावाकटहरे | ३०,००,०००।- | |
| ४ | ४ नं. वडा, वडाकादियाले | ३०,००,०००।- | |
| ५ | ५ नं. वडा, चिप्रिङ | ३०,००,०००।- | |
| ६ | ६ नं. वडा, इन्द्राणीपोखरी | ३०,००,०००।- | |
| ७ | ७ नं. वडा, खोटाङबजार | ३०,००,०००।- | |
| ८ | ८ नं. वडा, सिम्पानी | ३०,००,०००।- | |
| ९ | ९ नं. वडा, लिच्कीराम्चे | ४२,००,०००।- | |

**निर्णय नं.२:** प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा खोटेहाङ गाउँपालिका, खोटाङ र श्री निर्मा कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि., खोटेहाङ गाउँपालिका-०७, खोटाङ बीच मिति २०८२।०९।०८ गते खोटेहाङ गाउँपालिकाको सामुदायिक विद्यालयहरुको शैक्षिक सुधार कार्यक्रम (KRM/Works/NCB-04/079-080) कार्यको सम्झौता भइ मिति २०८२।०२।१५ गतेसम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण कार्य अगाडि बढाइएकोमा विभिन्न समस्याको कारण निर्मा कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. ले उक्त कार्यसम्पन्न समयावधिभित्र तोकिएको कार्य गर्न नसकिएको हुदाँ मिति २०८२।०१।२० गतेको पत्रबाट म्याद थप गरी पाउँ भनि निवेदन पेश गर्नुभएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को कानूनी प्रावधान बमोजिम उक्त निर्माण योजनको म्याद यही मिति २०८३ असार मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय सर्वसम्मतले पारित गरियो।

**निर्णय नं.३:** प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारमूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार संचालन ऐन २०७४ (११.ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा अधिकार तोकेकोमा ऐनको दफा २४(१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गर्नुपर्ने नितिगत व्यवस्था तथा कार्यापालिकाबाट मिति २०८१/०४/२७